# शम्भूनाथ प्रगतिशील युवा क्लबको विधान

२०७०

शम्भूनाथ प्रगतिशील युवा क्लब,सिरकंजी ५

सप्तरी

# शम्भूनाथ प्रगतिशीलयुवा क्लबको विधान, २०७०

## प्रस्तावना

विभिन्न श्रोत र साधनको उचित परिचालन तथा सदुपयोग गरी समुदायको शारीरिक, मानसिक तथा बौद्धिक विकासको लागि सुअवसर तर सुविधाको व्यवस्था गर्न र मानवहरूबीच आपसी सम्पर्कद्वारा परस्पर सहयोग तथा सेवाको भावना अभिवृद्धि गरी राष्ट्र निर्माणको लागि सदैव योगदान गर्न मन, वचन र कर्मले अभिप्रेरित भई शम्भूनाथ गा.बि.स. वार्ड नं. ५ सिरकजडी निवासी समाजसेवीहरूद्वारा यो क्लब स्थापना भएको हो ।नेपाल एक विविध जाती, धर्म एवं सँस्कृतिको सम्मिश्रण भएको हिमाली अधिराज्य हो । जहाका जनताहरू देशको विकट स्थान र क्षेत्रहरूमा विविध समस्याहरू लिएर बस्न बाध्य भएको र ति समस्याको निराकरण सरकारी तवरबाट मात्र हुन नसक्ने भएकोले गर्दा विद्यमान समस्याको निराकरण गर्ने, समाजसेवा, खेलकुद, विकास, भाषा, साहित्य कला र सँस्कृतिको जगेर्ना गरी चेतनशील, शिक्षित र देशको समुन्नतिमा योगदान पुऱ्याउने समाजको निर्माण गर्न सरकारी निकाय तथा राष्ट्रिय एवं अनतराष्ट्रिय गैरसरकारी संस्थाहरूसंग सहकार्य गरी देशको विकाशमा टेवा पुऱ्याउने उद्देश्य राखी विशुद्ध गैरसरकारी संस्थाको रूपमा **शम्भूनाथप्रगतिशिल युवा क्लबको** स्थापना गरी सो क्लबको उद्देश्य कार्यक्रम र कार्यदिशा यसै अनुरूप हुने गरी **"निस्वार्थ भवनाले समाज सेवा गरौं"** भन्ने मूलमन्त्र राखी यो शम्भूनाथ प्रगतिशिल युवा क्लबको विधान, २०७० जारी गरिएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र कार्यक्षेत्र :**

(क) यो विधानको नाम "शम्भूनाथ प्रगतिशिल युवा क्लबको विधान, २०७०" रहेको छ ।

(ख) यो विधान नेपालसरकारको स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त भएको मितिदेखि लागू हुनेछ ।

(ग) शम्भूनाथ प्रगतिशिल युवा क्लबको कार्यक्षेत्र सप्तरी जिल्ला शम्भूनाथ गाँउ बिकास समितिका वडा नं. ४, ५, ६ र अन्य वडामा गाभिन पुगेका क्षेत्र समेतको सिरकजडी हुनेछ । आवश्यकता अनुसार सम्वन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई मात्र नेपाल अधिराज्यभित्र संस्थाको कार्य क्षेत्र विस्तार गर्न सकिनेछ ।

(घ) यो क्लब एक अविच्छिन्न उत्तराधिकारवाला संगठित स्वशासित, गैरनाफामूलक, गैरराजनीतिक गैरसरकारी संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक अन्य आर्जन गर्ने, कुनै प्रकारको शुल्क लिई परामर्श प्रदान गर्न कार्य गरिने छैन ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

(क) "क्लव" भन्नाले शम्भूनाथ प्रगतिशिल युवा क्लव सिरकजडी अंग्रेजीमा *(Shambhunath Pragatishil Youth Club, Sirakjary)*लाई जनाउने छ ।

(ख) "सदस्य" भन्नाले यो विधान बमोजिम क्लबको सदस्यता प्राप्त गरेको व्यक्तिलाई जनाउने छ ।

(ग) "कार्यकारिणी समिति" भन्नाले यो विधान बमोजिम क्लबको प्रबन्धक एवं कार्य सन्चालनका लागि साधारण सभाबाट निर्वाचित अध्यक्ष र सदस्यहरू भएको मूल समितिलाई जनाउने छ ।

(घ) "पदाधिकारी" भन्नाले कार्यकारिणी समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउने छ ।

(ङ) "साधारण सभा" भन्नाले विधान बमोजिम सदस्यता प्राप्त गरेका सबै व्यक्ति क्लबको सूचना बमोजिम भेला भई बैठकलाई जनाउने छ ।

(च) "समिति" भन्नाले यो विधान बमोजिम साधारण सभा र कार्यकारिणी समितिद्वारा निर्धारित कार्य सञ्चालको लागि गठन गरिएको समितिलाई जनाउने छ ।

(छ) "उपसमिति" भन्नाले कार्यकारिणी समिति र अन्तरगत समितिको उपसभापतिलाई जनाउने छ ।

(ज) "सल्लाहकार" भन्नाले वैतनिक अथवा अवैतनिक रूपमा नियुक्त विशिष्ठता हासिल गरेका दक्ष व्यक्तिलाई जनाउने छ ।

(झ) "आर्थिक वर्ष" भन्नाले श्रावणदेखि आषाढ सम्मको अवधिलाई जनाउने छ ।

(ञ) "स्थानीय अधिकारी" भन्नाले संस्था दर्ता ऐन २०३४ अन्तरगत तोकिएको नेपाल सरकारको अधिकारीलाई जनाउने छ ।

(ट) "संरक्षक परिषद्" भन्नाले यो विधानको धारा ८ बमोजिम गठित परिषद्लाई जनाउने छ ।

३. **क्लबको छाप :**

बीचमा गोलाकार रेखात्मक चिन्हभित्रग्लोब" बिचमा नेपाल नक्सा भित्र देब्रेमा भकुण्डोमा दाहिनेमा दुईहाथ मिलेको तथा माथि पदीखेलाडी दौडेको र बाहिरी घेराभित्र माथिल्लो भागमा 'शम्भूनाथ प्रगतिशिल युवा क्लव' र तल्लो भागमा 'सिरकजडी, सप्तरी'लेखिएको गोलाकार छाप यो क्लवको छाप हुनेछ । यसको प्रतिक अनुसूची १मा दिइए बमोजिम हुनेछ ।

४. **क्लबको झण्डा :**

हल्का निलोरङ्को आयातकार कपडामा डण्डीपाखेको भागमा माथि देखि तलसम्म नेपालको राष्ट्रिय झण्डा र कपडाको बीच भागमा क्लबको छाप राखी लेखिएको झण्डा क्लबको झण्डा हुनेछ । यसको प्रतिक अनुसूची–२ मा दिए बमोजिम हुनेछ ।

५. **क्लबको कार्यालय :**

क्लबको मुख्य कार्यालय सगरमाथा अञ्चल, सप्तरी जिल्ला, शम्भूनाथ गाउँ बिकास समितिवडा नं. ५,सिरकजडी स्थित रहनेछ ।

## परिच्छेद २

### उद्देश्य र कार्यक्रम

६. **क्लबको उद्देश्य :**

क्लबको उद्देश्य निम्न बमोजिम हुनेछ :–

(१) यो क्लब मुनाफारहित जनहितकारी समाजिक संस्था हुने छ ।

(२) स्रोत साधनको उचित परिचालन गरी शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागी क्लब अन्तर्गत उचित अवसर, सेवा सुविधा सुलभ रूपमा उपलब्ध गराउन, आवश्यकता अनुसार खेलकुद सुविधा, स्वास्थ्योपचार सुविधा, स्वस्थ्य वातावरणीय सुधार, पुस्तकालय संचालन लगायत सामुदायिक हितको कार्य समेतको उचित व्यवस्था गरी जन सहभागिता जुटाउने ।

(३) यो क्लब राजनीतिक उद्देश्यबाट अभिप्रेरित हुने छैन ।

७. **क्लबको कार्यक्रम :**

माथि उल्लिखित उद्देश्य प्राप्तिको लागि क्लबले निम्न कार्यक्रमहरू सन्चालन गर्ने छ :–

(१) समुदायको स्वास्थ्यको सुरक्षा र सम्वर्द्धन गर्न सरकारी वा गैरसरकारी निकायहरूद्धारा सन्चालन हुने कार्यक्रमहरू विभिन्न क्षेत्रमा सन्चालन गर्न आवश्यक सहयोग पुर्‍याउने ।

(२) बढ्दो आवादीबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाई पूर्णतया नियन्त्रण गर्न न्यून गर्न, सहयोग पुर्‍याउने ।

(३) क्लब अन्तर्गत स्वयंसेवक जनशक्ति तयार गरी राष्ट्रहितको विभिन्न कार्यक्रमलाई आवश्यक सहयोग वा सेवा दिने र जन सहभागिता जुटाउने ।

(४) विभिन्न आन्तरिक प्रतियोगिता, सम्मेलन, गोष्ठी वा प्रवचन आदि कार्यक्रमहरूको व्यवस्था गरी सीप र ज्ञानको प्रस्फुटन विकासका लागि उचित वातावरण तयार गर्ने ।

(५) शारीरिक, मानसिक र बौद्धिक विकासका लागि आवश्यकतानुसार राष्ट्रिय वा अन्तराष्ट्रिय प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, सम्मेलन, गोष्ठी जस्ता कार्यक्रमहरूको आयोजना गर्ने वा त्यसमा सहभागी हुने ।

(६) ~~राष्ट्रको हित र जनताको सर्वोपरी स्वार्थलाई ध्यानमा राखी मुलुकको स्थानमा [illegible] किसिमको योजना सञ्चालन गर्नमा सहयोग गर्ने ।~~

(७) समाज सेवामा कार्यरत विभिन्न राष्टिय वा अर्न्तराष्ट्रिय संघ, संस्थासंग क्लबको हितको लागि आपसी सम्पर्क र समन्वय गरी प्राविधिक सांस्कृतिक आदान प्रदानको व्यवस्था गर्ने ।

(८) जनसंख्याको समस्या, स्वास्थ शिक्षा तथा समाज सेवाका विभिन्न पक्षमा जनतामा चेतना जगाउन आवश्यक सामग्रीको उत्पादन वितरण गरी प्रचार तथा प्रसार कार्यहरू सञ्चालन गर्ने ।

(९) समुदायमा रहेका सीमान्तकृत वर्ग (महिला, दलित, जनजाती, अपांग) लाई उचित अवसर र प्रोत्साहन दिई सामाजिक मूल प्रवाहीकरणमा समावेशी गराउने ।

(१०) राष्ट्रमा दैवीक प्रकोप पर्न गएमा वा दुर्घटना आदि भएमा क्षमतानुसार सेवा तथा सहयोग जुटाउने ।

(११) राष्ट्रिय चाडपर्व, उत्सव आदि मनाउने र आवश्यकतानुसार समारोहमा भाग लिने, आध्यात्मिक विकासका लागि हुने धार्मिक चाड पर्व आदिमा क्षमता अनुसार सहयोग जुटाउने ।

(१२) कथंकदाचित बेवारीस मानिसको मृत्यु भएमा आवश्यकतानुसार सहयोग गरी अन्तिम संस्कार कार्य गर्ने, गराउने ।

(१३) प्रतिभाशाली लेखक, कलाकार, खेलाडी आदिलाई उनीहरूको प्रतिभाको विकास गर्न उचित प्रोत्साहन वा पुरस्कारको व्यवस्था गर्ने ।

(१४) आर्थिक रूपमा कमजोर तर जेहेनदार विधार्थीहरूलाई शिक्षा हासिल गर्न टेवा वा प्रोत्साहन दिन यथोचित छात्रवृत्ति, अनुदानको व्यवस्था गर्ने ।

(१५) राष्ट्रिय, अर्न्तराष्ट्रिय, सिरकजडीका विशिष्ट व्यक्तित्वहरूलाई उनीहरूको समाज सेवा कार्यको कदर गरी सम्मानित पुरष्कृत गर्ने ।

(१६) अन्य आयमूलक तथा सेवामूलक कार्यहरू क्षमतानुसार सञ्चालन गर्ने ।

## परिच्छेद ३

### संरक्षक परिषद्

८. **संरक्षक परिषद्को गठन :**

(१) संरक्षक परिषद्मा देहाय बमोजिमका व्यक्तिहरू रहनुहुनेछ :--

(क) क्लबका संस्थापकहरू

(ख) शम्भूनाथ गाउँ बिकास समितिका वडा नं. ५ सिरकजइट्टीका वडा अध्यक्ष

(ग) कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाबाट मनोनीत संरक्षकहरू

(२) संरक्षक परिषद्ले परिषद्का सदस्यहरूमध्येबाट एकजनालाई मुख्य संरक्षक चयन गर्ने छ।

९. **संरक्षक चयन विधि :**

क्लबको उल्लेखनीय कार्यहरूमा सक्रिय संलग्नता, क्लबको नीति निर्माण र कार्यक्रमहरूमा सहभागिता, क्लब प्रतिको देन, क्लबको विधान र नीति नियम, सिद्धान्तको पालना, समुदायमा असल चालचलनको व्यक्ति भनी प्रतिष्ठा प्राप्त गरेका समाजसेवीलाई क्लबको कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाले संरक्षक मनोनीत गर्ने छ।

१०. **संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार :**

(१) कार्यकारिणी समितिलाई आवश्यक सरसल्लाह दिने।

(२) विधानका प्रावधानहरूको परिपालन गर्न गराउन कार्यकारिणी समितिका पदाधिकारीहरूलाई सुझाब दिने।

## परिच्छेद ४

### क्लबको सदस्यता सम्बन्धी व्यवस्था

११. **सदस्यताको वर्गीकरण :**

क्लबमा देहाय बमोजिम नेपाली नागरिकहरू सदस्य हुनेछन् :--

(क) मानार्थ सदस्य

(ख) श्रेष्कर सदस्य

(ग) आजीवन सदस्य

(घ) साधारण सदस्य

(ङ) अतिथि सदस्य

(क) **मानार्थ सदस्य** :– यो क्लबको विकास, व्यवस्थापन र क्रियाकलापमा उल्लेखनीय योगदान दिने स्वदेशी वा विदेशी नागरिकहरूलाई कार्यकारिणी समितिले सम्मान स्वरूप मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यहरूलाई उम्मेदवार हुने र मतदान अधिकार हुने छैन ।

(ख) **श्रेयष्कर सदस्य** :– क्लबलाई एक मुष्ठ रू.१०,०००।– (दश हजार) वा सोभन्दा बढी नगद वा घर जग्गा जस्ता अचल र सो मूल्यभन्दा बढीको जिन्सी सम्पत्ति सहयोग स्वरूप प्रदान गर्ने दातालाई कार्यकारिणी समितिले सम्मान स्वरूप श्रेयष्कर सदस्यता प्रदान गर्ने छ ।

(ग) **आजीवन सदस्य** :– सिरकजडी क्षेत्रभित्रका कुनै पनि व्यक्तिले सदस्य बन्ने दरखास्त फारम रीतपुर्वक भरी रू. १०००।– (एक हजार) शुल्क संलग्न राखी सचिव समक्ष बुझाई कार्यकारिणी समितिको निर्णयले आजीवन सदस्य बन्न सक्ने छ ।

(घ) **साधारण सदस्य** :– सिरकजडी क्षेत्रभित्रका कुनै पनि व्यक्तिले सदस्य बन्ने दरखास्त फारम रीतपुर्वक भरी रू. २००।– (रूपैया दुई सय) शुल्क संलग्न राखी सचिव समक्ष बुझाई साधारण सदस्य बन्न सक्ने छ ।

(ङ) **अतिथि सदस्य** :– कार्यकारिणी समितिले औचित्यको विचार गरी साधारण सदस्य सरहको दरखास्त र शुल्क लिई अतिथि सदस्य बनाउन सक्नेछ तर त्यस्ता सदस्यलाई मताधिकार हुने छैन ।

१२. **शुल्कको अवधि र सदस्यता प्रदान गर्ने अधिकारी** :

सदस्यता बन्दा बुझाएको शुल्क १ वर्षको लागि हुनेछ । प्रत्येक १।१ वर्षमा तोकिए बमोजिमको दस्तुर बुझाई सदस्यता नवीकरणँ गराउनु पर्नेछ । सदस्यता प्रदान गर्ने अधिकारी सचिव हुनेछ । तर रीतपूर्वक दरखास्त र शुल्क बुझाउँदा पनि सचिवले सदस्यता नदिएमा पीडित व्यक्तिले अध्यक्ष समक्ष निवेदन दिन सक्ने छन् , सो सम्बन्धमा कार्यकारिणी समितिले निर्णय गरे बमोजिम हुनेछ । दरखास्तको नमूना अनुसूची ३ मा दिइए बमोजिम हुने छ ।

१३. **नविकरण शुल्क र विलम्ब शुल्क** :

सदस्यता प्राप्त गरेको मितिले पहिलो वर्षको आषाढ मसान्तसम्म सदस्यता कायम रहनेछ । सोही वर्षको श्रावण मसान्त भित्र नविकरण शुल्क रू. १००।– बुझाई अर्को १ वर्षको लागि सदस्यता नविकरण हुन सक्नेछ । त्यस पछिको लागि सदस्याता शुल्कमा विलम्ब शुल्क बापत थप रू. ५०।–

समेत बुझाई नविकरण गर्न सकिने छ । तर कार्यकारीणी समितिको निर्वाचनको मिति प्रकाशन भएपछि निर्वाचन नसकिएसम्म नवीकरण गर्ने र नयाँ सदस्य बनाउने काम हुने छैन ।

१४. **सदस्य हुन अयोग्य :**

यो क्लबका मानार्थ, आजीवन, साधारण, सह–सदस्य र अतिथि सदस्यहरू निम्न अवस्थामा सदस्यहरू निम्न अवस्थामा सदस्य रहन सक्ने छैनन् :–

(क) नैतिक पतन देखिने काम गरेको प्रमाणित भएमा,

(ख) फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ग) मगज बिग्रेमा,

(घ) सदस्यताको लागि निर्धारित योग्यता नपुगेको फेला परेमा ।

१५. **सदस्यताबाट हट्ने अवस्था :**

देहायको अवस्थामा सदस्यता कायम रहने छैन:–

(क) दफा १४ को खण्ड (क) (ख) (ग) र (घ) को अवस्थामा,

(ख) सदस्यता नवीकरण नगरेमा,

(ग) साधारण सभाको दुईतिहाई बहुमतबाट साधारण सदस्यबाट निष्कासन भएमा,

(घ) अध्यक्ष समक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा,

(ङ) मृत्यु भएमा,

(च) क्लब विरुद्धको मुद्दा मामिलामा प्रत्यक्ष वा अप्रत्यक्ष तवरले संलग्न भई काम कुरा गरेको प्रमाणित भएमा ।

## परिच्छेद ५

## साधारण सभा

१६. **साधारण सभाको सदस्य :**

क्लबको आजीवन तथा साधारण सदस्य बनेका व्यक्ति क्लबको साधारण सभाका सदस्य हुने छन् । विधान बमोजिम समयमै आफ्नो सदस्यता नवीकरण गराउनु, साधरण र विशेष साधारण सभामा उपस्थित भई छलफलमा भाग लिनु, सभाले निर्देश गरेको काम गर्नु तथा सभा संचालनमा सहयोग गर्नु प्रत्येक साधारण सभा सदस्यको कर्तव्य हुनेछ ।

१७. **साधारण सभाको अधिवेशन :**

(क) आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्रमा साधारण सभाको अधिवेशन गरिनेछ ।

(ख) अध्यक्षको अनुमति दिई सूचना गर्नु पर्नेछ र सिरकजडी क्षेत्रभित्रको मानिस भेला हुने मुख्य मुख्य स्थानहरूमा सार्वजनिक सूचना पनि टाँस गर्नु पर्नेछ ।

(ग) विशेष परिस्थितिमा तुरून्त साधारण सभाको बैठक बोलाउनु पर्ने भएमा अध्यक्षले ७ दिनको सूचना दिई विशेष साधारण सभाको बैठक बोलाउन सक्नेछ ।

(घ) साधारण सभाको सदस्य संख्याको २५ प्रतिशत सदस्यले लिखित रूपमा कारण खोली विशेष साधारण सभाको बैठक बोलाउनका लागि कार्यकारिणी समिती समक्ष माग गर्न सक्नेछ र यसको जानकारी संरक्षकलाई पनि दिने छ । त्यस्तो माग प्राप्त भएको मितिले दुई हप्ताभित्र कार्यकारिणी समितिले विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

१८. **साधारण सभाको गणपूरक संख्या :**

(क) साधारण सभाको बैठक गर्न सम्पर्णू सदस्य संख्याको ६० प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ ।

(ख) साधारण सभामा माथि खण्ड (क) अनुसारको गणपूरक संख्या नपुगी बैठक हुन नसकेमा अर्को १५ दिन भित्र पुनः सो सभा बोलाईनेछ । सो सभामा ५१ प्रतिशत उपस्थित सदस्यहरूको संख्यालाई नै गणपूरक संख्या पुगेको मानिने छ ।

(ग) विशेष साधारण सभाको हकमा पनि सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या मानिने छ ।

(घ) अध्यक्षले साधारण सभा विशेष साधारण सभा बैठकको अध्यक्षता गर्नेछ , अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति भएमा तोकेको सदस्यले अध्यक्षता गर्ने छ ।

१९. **साधारण सभाको काम, कर्तव्य र अधिकार :–**

(क) क्लबको उद्देश्य अनुरूप निर्वाचित कार्यकारिणी समितिद्धारा कार्य सञ्चालन गर्ने , गराउने र सोलाई नियन्त्रण गर्ने अधिकार साधारण सभालाई हुने छ ।

(ख) क्लबको कार्यनीति प्रतिपादन गर्ने, कार्यक्रम तथा प्रतिवेदन उपर छलफल गर्ने, आम्दानी र खर्चको फाँटवारी उपर छलफल गर्ने तथा अनुमोदन गर्ने, लेखापरीक्षक नियुक्ति गर्ने अधिकार साधारण सभालाई हुने छ ।

(ग) साधारण सभाले आवश्यकता महशूस गरेमा छनौट प्रक्रियाद्धारा कार्यकारिणी समिति गठन गर्न सक्ने छ । उक्त समितिको काम, कर्तव्य, अधिकार र अवधि निर्वाचित कार्यकारिणी समिति सरह हुनेछ ।

(घ) क्लबको मर्यादा तथा इज्जतलाई सदा उच्च राख्ने दिशातर्फ उन्मुख भई कार्य गर्नु सदस्यहरूको कर्तव्य हुनेछ ।

(ङ) साधारण सभा बोलाएको बखत उपस्थित हुने र क्लबबाट निर्धारित कार्यक्रम सञ्चालन गर्न हर तरहबाट सहयोग गर्नु सदस्यहरूको कर्तव्य हुनेछ ।

(च) क्लबबाट उपलब्ध गराएको सबै सुविधा नियमानुसार उपलब्ध गर्ने, क्लबबाट आयोजना गरिएका सबै कार्यक्रमहरूमा सहभागी हुने वा प्रवेश पाउने अधिकार सबै सदस्यलाई हुनेछ ।

(छ) साधारण सभा क्लबको सर्वोच्च अङ्ग हुनेछ ।

(ज) त्यसले कार्यकारिणी समितिको निर्वाचन गर्नेछ ।

(झ) साधारण सभाले विधान संशोधन गर्न सक्ने छ ।

(ञ) वार्षिककार्यक्रम तथा आय व्यय विवरण पारित गर्ने छ ।

(छ) अविश्वास प्रस्ताव उपर अन्तिम निर्णय गर्ने छ ।

## परिच्छेद ६

### कार्यकारिणी समिति

२०. कार्यकारिणी समिति :

(क) क्लबको दैनिक कार्य सन्चलनका लागी ११ जना सदस्य रहेको एक कार्यकारिणी समिति रहनेछन :-

| पदाधिकारी | संख्या |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| सह–सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्य | ६ |
| जम्मा | ११ |

(ख) कार्यकारिणी समितिका अध्यक्ष र १० जना सदस्यको निर्वाचन साधारणसभाका सदस्यहरुले गर्ने छन, जसमध्ये १(एक) सदस्य पद महिलाको लागि आरक्षित हुने छ । नवनिर्वाचित कार्यकारिणी समितिको पहिलो बैठकमा पदाधिकारीहरुको अध्यक्षाबाट सपथ ग्रहण हुनेछ ।

(ग) कार्यकारिणी समितिको पदावधि ३ वर्षको हुने छ ।

(घ) कार्यवधि समाप्त नहुदै कुनै कारणवस अध्यक्षको पद रिक्त हुन गएको अवस्थामा मनोनीत पदाधिकारीहरुको पद स्वतः रिक्त हुन्छ । त्यस्तो अवस्थामा कार्यकारिणी समितिले आफूहरुमध्येबाट बााकि अवधिका लागि निर्वाचन प्रक्रियाबाटै जानु पर्नेछ ।

२१. <u>कार्यकारिणी समितिको बैठक :</u>

(१) अध्यक्षले वा अध्यक्षको अनुमति लिई सचिवले बैठक बोलाउनेछ । कम्तिमा महिनाको एकपटक बैटक बस्नु पर्ने छ ।

(२) बैठक बोलाउदा साधारणतया २४ घण्टा अगावै बैठक बस्ने मिति, समय, स्थान, र छलफल गर्ने विषय तोकि लिखित सूचना पदाधिकारी सदस्यहरु कहाँ पठाउनु पर्ने छ ।

(३) बहुसंख्यक सदस्यको उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिनेछ । गणपूरक संख्या नपुगेमा अर्को दिनु पुनः बैठक बोलाई बैठकमा उपस्थित पदाधिकारीहरुको संख्यालाई नै गणपुरक संख्या मानी बैठक सन्चालन हुनेछ ।

(४) प्रत्येक बैठकमा भएको निर्णयहरुको अभिलेख सचिवले लिखित रुपमा तयार गर्नेछ । सो अभिलेखमा उपस्थित सम्पूर्ण सदस्यको हस्ताक्षर भएपछि मात्र निर्णय प्रतिलिपी पदाधिकारीहरु र आवश्यकतानुसार सम्बन्धित निकायमा पठाउनुपर्ने छ ।

(५) कुनै सूचना नदिई साधारण तथा लगातार ३ पकसम्म बैठकमा अनुपस्थित हुने पदाधिकारी कार्यकारीणीसमितिबाट हटने छन । यस अवस्थामा निजलाई सफाईको मौकाबाट बञ्चित गर्रिनेछैन ।

२२ <u>कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार:</u>

(१) क्लबको दैनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी कार्यकारिणी समितिको हुने छ ।

(२) क्लबको उद्देश्य बकोजिम लक्ष्य प्राप्तिको लापिग कार्यक्रमहरु तर्जुमा गर्ने, सोको लागि बजेट बनाउने, साधारण सभामा पेश गरी अनुमोदन भएपछि कार्यान्वयन गर्ने छ ।

(३) साधारण सभाको विषय सूचि (Agenda) बैठक हुनु एक हप्ता अगावै सदस्यहरुलाई दिनु पर्ने छ ।

(४) साधारण सभाबाट प्रतिपादित नीति, नियम र लक्ष्यअनुरुप कार्यकार्रिणी समितिले कार्य गर्ने छ ।

(५) क्लबको चल अचल सम्पत्तिको रेखदेख र यथोचित सम्भार गरी अभिलेख राख्ने छ ।

(६) साधारण सभा सदस्यले साधारण सभामा पेश गर्ने प्रस्ताव साधारण सभा हुनुभन्दा दुई हप्ता अगावै लिखित रूपमा कार्यकारिणी समितिमा पेश गर्नुपर्ने छ ।

(७) (क) कुनै सदस्यले क्लबको हित विपरित कार्य गरेमा वा क्लबको अनुशासन वा मर्यादा भंग गरेमा वा क्लब प्रति अनास्था पैदा हुने कार्य गरेमा वा गराएमा निजलाई कार्यकारिणी समितिले निलम्वन वा निस्काशन गर्न सक्नेछ । निलम्बन अवधि भर वा निष्कासन भए पछि सदस्यको सुविधा उपभोग गर्न पाइनेछैन ।

(ख) माथि (क) अनुसार निलम्वन भएका सदस्यलाई सफाइ दिने मौका प्रदान गरिनेछैन । निलम्बन अवधि बढीमा ४५ दिनको हुने छ ।

(८) साधारण सभाबाट पारित वार्षिक आय–व्यय विवरण *(Budget)* बमोजिम खर्च गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ । कार्यकारिणी समितिलाई उप समितिको वार्षिक आय–व्यय तथा चल अचल सम्पत्तिको विवरण अनुमोदन अधिकार हुनेछ ।

(९) क्लबको कार्यक्रम सन्चालन गर्न कार्यकारिणी समितिले आवश्यकतानुसार उप समितिहरूको गठन गर्नेछ । उप–समितिहरूको गठन सदस्यहरू मध्येबाट गर्नु पर्नेछ । उप समितिको कार्य सञ्चालनको लागि नियम बनाउन सक्नेछ । कार्यकारिणी समितिले गठन गरेका उप समितिहरूको कार्यावधि कार्यकारिणी समितिले तोके बमोजिम हुनेछ । तर कार्यकारिणी समितिको कार्यकालभन्दा बढी हुने गरी कार्यावधि तोक्न पाइने छैन । क्लबको हितमा योगदान दिन सक्ने आफ्नो क्षेत्रभित्रका विशिष्ट व्यक्तिहरूलाई सल्लाहकार मनोनीत गर्न सक्छ ।

(१०) क्लबको उद्देश्य र कार्यक्रम बमोजिम कार्यकारिणी समितिले स्वदेशी तथा विदेशी संघ संस्थाहरूसंग सम्पर्क स्थापना गर्न र त्यस्ता संस्थाले बोलाएको बैठकमा क्लबको प्रतिनिधित्व गराउने छ ।

(११) कार्यकारिणी समितिले दफा २५ खण्ड (च) को परिधि भित्र स्वदेशी वा विदेशी संघ संस्थाहरूबाट कुनै किसिमको सहयोग लिन र दिन सक्ने छ ।

(१२) कुनै पनि संघ, संस्था, व्यक्ति वा अन्य हितकारी कार्यका लागि आर्थिक सहायता, पुरस्कार दिनुपरेमा कार्यकारिणी समितिको निर्णयानुसार हुने छ ।

(१३) कार्यकारिणी समितिले आफ्नो कार्यकाल समाप्त भएको मितिले ७ दिन भित्र नव–निर्वाचित कार्य समितिलाई नगदी, जिन्सी, निर्णयको अभिलेख पुस्तिका लगायतका सम्पूर्ण कागजपत्रको विवरण सहित अनिवार्य रूपमा हस्तान्तरण गर्नु पर्ने छ ।

(१४) कार्यकारिणी समितिले आफूमा निहित अधिकार अध्यक्षलाई प्रत्यायोजन गर्न सक्ने छ ।

२३. <u>कार्यकारिणी समिति र अन्य समितिको बैठक सम्बन्धी कार्यविधि :</u>

(क) कार्यकारिणी समितिले बैठक सञ्चालन विधि तयार गरी लागु गर्ने छ।

(ख) सबै सदस्यहरूले बैठक सञ्चालन विधिमा उल्लेख भए बमोजिम मर्यादा पालन गर्नुपर्ने छ।

२४. <u>कार्यकारिणी समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u> :

(१) <u>अध्यक्ष</u> :–

(क) क्लबको मुख्य कार्यकारिणी अधिकारी अध्यक्ष हुनेछ।

(ख) कार्यकारिणी समितिमा निर्वाचित सदस्यहरूमध्येबाट उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्ष मनोनयन गर्नेछ।

(ग) क्लबको कार्य सुचारू रूपले चलाउने जिम्मेवारी अध्यक्षको हुने छ। निजले पदाधिकरीहरूलाई आवश्यक निर्देशन दिनुका साथै आफूमा निहित अधिकार प्रत्यायोजन गर्न सक्ने छ।

(घ) प्रचलित कानून बमोजिम क्लबको नवीकरण गराउने छ।

(ङ) कार्यकारिणी समिति र साधारण सभाको बैठकमा अध्यक्षता गर्ने र बैठकमा निर्णय गर्दा मत बराबर भएमा निणायक मत *(CASTING VOTE)* दिने छ।

(च) क्लबको दैनिक कार्य सन्चालनको लागि अध्यक्षले सचिव वा कोषध्यक्षलाई एक पटकमा रू. १०००।– (एक हजार) सम्मको रकम खर्च गर्न अनुमति दिने छ।

(छ) अध्यक्षले कुनै पनि संघ, संस्था, व्यक्ति वा अन्य हितकारी कार्यका लागि रू.५००।– (पाँच सय) सम्म आर्थिक सहायता, चन्दा, पुरस्कार दिन सक्ने र यसको जानकारी आगामी कार्यकारिणी समितिको बैठकमा दिनुपर्ने छ।

(२) <u>उपाध्यक्ष</u> :–

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने छ।

(ख) अध्यक्षलाई क्लबको कार्य सन्चालनमा सहयोग गर्ने छ।

(३) <u>सचिव</u> :–

(क) क्लबको दैनिक कार्य सन्चालन गर्ने छ।

(ख) सदस्यहरूको सूची अध्यावधिक राख्ने छ।

(ग) सदस्यता प्रदान गर्ने छ।

(घ) अध्यक्षको अनुमति लिएर कार्यकारिणी समिति र साधारण सभाको बैठक बोलाउने छ ।

(ङ) वार्षिक साधारण सभामा पेश गर्नु पर्ने प्रतिवेदन, प्रस्ताव, कार्यकारिणी समितिको बैठकमा पारित गराई साधारण सभामा पेश गर्ने छ ।

(च) मुख्य संरक्षकको सुझाव अनुसार परिषद्को बैठक सम्बन्धी कार्य गर्ने छ ।

(४) सह–सचिवः–

(क) सचिवको अनुपस्थितिमा सह–सचिवले कार्यभार सम्हाल्ने छ ।

(ख) सचिवलाई निजको कार्य सञ्चालनमा सहयोग पुऱ्याउने छ ।

(५) कोषाध्यक्ष :–

(क) लेखा अद्यावधिक राख्ने छ ।

(ख) आर्थिक मामिला सम्बन्धि प्रस्तावहरू कार्यकारिणी समितिमा पारित गराई वार्षिक साधसरण सभामा पेश गर्ने छ ।

(ग) बैठकहरूमा पारित आर्थिक मामिला सम्बन्धि निर्णयहरूको कार्यान्वयन गर्ने छ ।

(घ) दैनिक कार्यको लागि रू.१०००।– (एक हजार) को सानो नगदी कोष सन्चालन गर्नेछ । खर्चको बिल भरपाई अध्यक्षंद्धारा प्रमानित गराई फछ्र्यौट गर्नेछ ।

(६) कार्यकारिणी समितिका सदस्यहरू :–

(क) बैठकमा उपस्थित भई छलफलमा भाग लिनेछन् ।

(ख) कार्यकारिणी समिति र अध्यक्षले सुम्पेको जिम्मेवारी वहन गर्नेछन ।

(ग) पदाधिकारीहरूको कार्य सम्पादनमा सहयोग गर्नेछन ।

(७) पदत्याग गर्न सक्ने :–

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यकारिणी समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन

## परिच्छेद ७

## आर्थिक व्यवस्था

२५ आर्थिक स्रोत :-

क्लबको आय स्रोत निम्न बमोजिम हुनेछ ।

(क) सदस्यता शुल्क

(ख) अनुदान, उपहार

(ग) सदस्यता नविकरण शुल्क,

(घ) काम नलाग्ने पुराना वस्तुहरुको विक्रिबाट प्राप्त हुने रकम,

(ङ) स्वेदेशी संघ संस्थाहरुबाट प्राप्त नगद तथा जिन्सी सामानहरु,

(च) नेपाल सरकारको स्वीकृतमा विदेशी संघ संस्थाहरुबाट प्राप्त नगद तथा जिन्सी सामानहरु,

(छ) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्यान परिषदको पूर्व स्वीकृति लिनेछ ।

(ज) अन्य

२६ चल अचल सम्पत्तिको विवरण:-

क्लबको चल अचल सम्पत्तिको विवरण कार्यकारिणी समितिले अध्यावधिक गरी राख्नु पर्ने छ ।

२७. कोष:-

कोष सन्चालन व्यवस्थ निम्न बमोजिम हुने छ ।

(क) विभिन्न स्रोतहरुबाट प्राप्त रकम क्लबको नाउँमा मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाहरुमा खाता खोलि जम्मा गरिने छ ।

(ख) सदस्यता शुल्कबाट प्राप्त रकम क्लबको नाममा छुट्टै खाता खोलि अक्षय कोषको रुपमा जम्मा गरिनेछ । सोको व्याज क्लबको नाममा रहेको चल्ती खातामा जम्मा गर्नु पर्ने छ ।

(ग) अक्षय कोषको रकम साधारण सभाको स्वीकृति लिएर मात्र खर्च गर्न सकिने छ ।

(घ) अध्यक्ष वा सचिव मध्ये एक र कोषाध्यक्षको (अनिवार्य) संयुक्त हस्ताक्षरमा क्लबको नाममा रहेको खाता सन्चालन हुने छ ।

(ङ) आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

२८. **लेखापरीक्षण** :–

प्रत्येक वर्ष क्लबको आय–व्यय तथा सम्पत्ति विवरण साधारण सभाबाट नियुक्त लेखा परीक्षण गराउने जिम्मेवारी कोषाध्यक्षको हुने छ ।

वार्षिक लेखापरीक्षण प्रतिवेदनको एकऽएक प्रति स्थानिय अधिकारी, समाज कल्याण परिषद्, जिल्ला विकास समितिको कार्यालय र अन्य सम्बन्धित निकायमा समेत पेश गर्नु पर्ने छ ।

## परिच्छेद ८

### विविध

२९. **निर्वाचन सम्बन्धि व्यवस्था** :

(क) साधारण सभाका सदस्यहरूले प्रत्येक तीन वर्षमा अध्यक्ष र १० जना सदस्यको निर्वाचन गर्नेछन् ।

(ख) कार्यावधि समाप्त हुनु अगावै कार्यकारीणी समितिले नयाँ कार्यकारिणी समितिको निर्वाचन गराउन आवश्यक व्यवस्था गर्ने छ ।

(ग) साधारण सभाले एक जना अध्यक्ष र दुई जना सदस्य समेत भएको तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(घ) निर्वाचन समितिले निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने, उम्मेदवारको दरखास्त माग गर्ने, मतदान गराउने, विजयी उम्मेदवारको घोषणा गर्ने समेतको सम्पूर्ण कार्य गर्ने छ ।

(ङ) निर्वाचन गराउदा कम्तीमा एक महिना अघि सार्वजनिक सूचना जारी गर्नु पर्ने छ ।

(च) निर्वाचनको सूचना कुनै एक राष्ट्रिय दैनिक पत्रिका, क्लबको सूचना पाटी र क्षेत्रभित्रका प्रमुख स्थानहरूमा प्रकाशित गर्नु पर्ने छ ।

(छ) साधारण सभाका सदस्यहरू दफा ३० को परिधि भित्र रही कुनै पनि पदका लागि उम्मेदवार हुन योग्य हुनेछन् ।

(ज) निर्वाचन समितिले परिणाम घोषणा भएको एक हप्ता भित्रमा चुनाव सम्बन्धि सम्पूर्ण कागजपत्र शिलबन्दी गरी नव निर्वाचित कार्यकारीणी समितिलाई बुझाउनुपर्ने छ ।

३०. **उम्मेदवार हुने योग्यता** :

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्ने छ ।

(क) १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्ने ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) संस्थाको रकम हिनामिना गरी कारवाहीमा नपरेको ।

(ङ) कुनै कानूनले अयोग्य नभएको ।

(च) यस संस्थाको साधारण सदस्यता लिएको हुनु पर्ने ।

३१. <u>उम्मेदवार हुन अयोग्यता</u> :

(क) अध्यक्षले लगातार तेस्रो पटक अध्यक्षको उम्मेदवार हुन पाउने छैन ।

(ख) संरक्षक, मानार्थ र श्रेयष्कर सदस्यहरू उम्मेदवार हुन र मतदान गर्न पाउने छैनन् ।

(ग) आजीवन एवं साधारण सदस्यले क्लबमा आबद्ध भएको दुई वर्ष पूरा नभई उम्मेदवार हुन पाउने छैन ।

(घ) क्लबको कर्मचारीहरू उम्मेदवार हुन पाउने छैनन् ।

३२. <u>अविश्वासको प्रस्ताव</u> :

(क) अध्यक्ष र अन्य पदाधिकारीले इमानदारीपूर्वक काम नगरेमा वा पद अनुकूल आचरण नगरेमा निज विरूद्ध साधारण सभामा अविश्वांसको प्रस्ताव ल्याउन सकिने छ ।

(ख) अविश्वासको प्रस्तावमा कम्तीमा २५ प्रतिशत साधारण सभा सदस्यले दस्तखत गरेको हुनुपर्ने छ ।

(ग) दुइतिहाइ बहुमत साधारण सभा सदस्यले प्रस्ताव पारित गरेमा त्यस्तो अध्यक्ष र पदाधिकारी पदमा वहाल रहने छैनन् ।

(घ) विशेष साधारण सभा बैठक बसेको ६ महिना नपुगी अर्को विशेष साधारण सभा बैठक हुने छैन ।

३३. <u>विधान संशोधन</u> :

(क) साधारण सभाले क्लबको विधान संशोधन गर्न आवश्यक महसुस गरेमा विधान संशोधन समिति गठन गरी संशोधनका लागि सिफारिश प्रतिवेदन माग गर्न सक्नेछ ।

(ङ) आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

२८. **लेखापरीक्षण** :–

प्रत्येक वर्ष क्लबको आय–व्यय तथा सम्पत्ति विवरण साधारण सभाबाट नियुक्त लेखा परीक्षण गराउने जिम्मेवारी कोषाध्यक्षको हुने छ ।

वार्षिक लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति स्थानिय अधिकारी, समाज कल्याण परिषद्, जिल्ला विकास समितिको कार्यालय र अन्य सम्बन्धित निकायमा समेत पेश गर्नु पर्ने छ ।

## परिच्छेद ८

### विविध

२९. **निर्वाचन सम्बन्धि व्यवस्था** :

(क) साधारण सभाका सदस्यहरूले प्रत्येक तीन वर्षमा अध्यक्ष र १० जना सदस्यको निर्वाचन गर्नेछन् ।

(ख) कार्याविधि समाप्त हुनु अगावै कार्यकारीणी समितिले नयाँ कार्यकारिणी समितिको निर्वाचन गराउन आवश्यक व्यवस्था गर्ने छ ।

(ग) साधारण सभाले एक जना अध्यक्ष र दुई जना सदस्य समेत भएको तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(घ) निर्वाचन समितिले निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने, उम्मेदवारको दरखास्त माग गर्ने, मतदान गराउने, विजयी उम्मेदवारको घोषणा गर्ने समेतको सम्पूर्ण कार्य गर्ने छ ।

(ङ) निर्वाचन गराउदा कम्तीमा एक महिना अघि सार्वजनिक सूचना जारी गर्नु पर्ने छ ।

(च) निर्वाचनको सूचना कुनै एक राष्ट्रिय दैनिक पत्रिका, क्लबको सूचना पाटी र क्षेत्रभित्रका प्रमुख स्थानहरूमा प्रकाशित गर्नु पर्ने छ ।

(छ) साधारण सभाका सदस्यहरू दफा ३० को परिधि भित्र रही कुनै पनि पदका लागि उम्मेदवार हुन योग्य हुनेछन् ।

(ज) निर्वाचन समितिले परिणाम घोषणा भएको एक हप्ता भित्रमा चुनाव सम्बन्धि सम्पूर्ण कागजपत्र शिलबन्दी गरी नव निर्वाचित कार्यकारीणी समितिलाई बुझाउनुपर्ने छ ।

३०. **उम्मेदवार हुने योग्यता** :

(ख) कुनै सदस्यले क्लबको विधान संशोधन गर्न चाहेमा साधारण सभा हुनु दुई हप्ता अगावै कार्यकारिणी समितिमा संशोधन प्रस्ताव लिखित रूपमा पेश गर्नु पर्नेछ ।

उपर्युक्त बमोजिम संशॅधन सिफारिस प्रतिवेदन र प्रस्ताव सम्पूर्ण सदस्य संख्याको दुईतिहाई मतले पारित गरेमा स्थानीय अधिकारीको स्वीकृति लिई विधान संशोधन गरिनेछ ।तर क्लबको उद्देश्य र कार्यक्रममा भने कुनै हेरफेर गर्न पाइने छैन ।

३४. <u>विनियम बनाउन सक्ने</u> :

क्लबले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिनुपर्ने छ ।

३५. <u>कर्मचारीको व्यवस्था</u> :

(क) क्लबको दैनिक कार्यसञ्चालन, योजना तथा कार्यक्रम संचालनको दरबन्दी सृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीहरूको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुने छ ।

(ख) क्लबले विदेशी सहयोग प्राप्त गरी संचालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पऱ्याउने सेवा, त्यसको औचित्य, सुविधा र निजको योजको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पेश गरिने छ ।

३६. <u>कार्यकारीणी समितिका पदाधिकारी र साधारण सभाका सदस्यहरूले पलना गर्नु पर्ने</u> :

यस क्लबका कुनै पनि पदाधिकारी र साधारण सभाका सदस्यहरूले क्लबको अहित हुने कार्य गर्नु हुदैन । कार्यकारीणी समितिको बैठकमा र साधारण सभामा असभ्य र अश्लील शब्द प्रयोग गर्न पाइने छैन ।

३७. <u>ऐन अनुसार हुने</u> :

यस विधानमा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरू स्वतः निष्क्रिय हुनेछन् ।

कुनै कारणवस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति स्वतः नेपाल सरकारको हुने छ ।

३८. <u>निर्देशनको पालना</u> :

नेपाल सरकार वा स्थानीय अधिकारी वा समाज कल्याण परिषद्ले समयमा दिएको निर्देशनको पालना गर्नु क्लबको कर्तव्य हुनेछ ।

३९. **विधानको व्यख्या :**

यो विधान वा विधान अन्तरर्गत बनेको नियम विनियमको व्याख्या प्रचलित नेपाल कानून बमोजिम हूने छ ।

४०. **खारेजी र बचाउ :**

सो विधान अन्तरर्गत भए गरेको सम्पूर्ण काम कारवाही यसै विधान बमोजिम भए गरेको मानिने छ ।

४१. **संस्थापक सल्लाहकारहरू :–**

यस क्लबको संस्थापक सल्लाहकारहरू देहाय वमोजिम छन् ।

(१) श्री बेचु चौधरी

(२) श्री बैजु चौधरी

(३)ई. नागेन्द्र प्रसाद चौधरी

(४) श्री रबिन्द्र प्रसाद चौधरी

(५) श्री राजेन्द्र प्रसाद चौधरी

४२. **संस्थापक पदाधिकारीहरू :–**

यस क्लबको संस्थापक पदाधिकारी एवं सदस्यहरू देहाय वमोजिम छन् ।

(१) अध्यक्ष : सचिन्द्र प्रसाद चौधरी

(२) उपाध्यक्ष : संजयकुमार चौधरी

(३) सचिव : शुसिल कुमार चौधरी

(४) सह–सचिव : प्रमोद कुमार चौधरी

(५) कोषाध्यक्ष : शान्ति कुमारीचौधरी

(६) सदस्य : बसन्त कुमार चौधरी

(७) सदस्य : अनिल कुमार चौधरी

(८) सदस्य : शिब कुमार चौधरी

(९) सदस्य : ललित कुमार चौधरी

(१०) सदस्य : रामकुमारी चौधरी

(११) सदस्य : जानकी कुमारी चौधरी

## अनुसूची १

(धारा ३सँग सम्बन्धि)

<u>क्लबको छाप</u>

## अनुसूची २

(धारा ४सँग सम्बन्धि)

<u>**क्लबको झण्डा**</u>

